आज मिति २०७७।०८।२८ गते आईतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा तथा देहायका पदाधिकारी ज्यूहरुको उपस्थितिमा यस न.पा.को नगर कार्यपालिकाको १११ औं बैठक बसियो ।

तपसिलउपस्थिति :-

| क्र.स. | नाम थर | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री गडुड बहादुर बिश्वकर्मा | का.बा. वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री अस्मिता सार्की | नगर कार्यपालिका सदस्य | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | |

आमान्त्रित उपस्थिति

१. पदम विक्रम शाही - आमन्त्रित

## प्रस्तावहरु :-

१. शोक प्रस्ताव सम्बन्धमा ।
२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमा ।
३. नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरण सम्बन्धि ठेक्का सम्झौता सम्बन्धमा ।
४. केडी स्यान्ड प्रोसेसिङ्ग उद्योग चौ.न.पा.५ को मु.अ.कर फिर्ता सम्बन्धमा ।
५. लैंगिक हिंसा निवारण कोष सम्बन्धमा ।
६. प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा नगर अस्पताल संचालन गर्ने सम्बन्धमा ।
७. कृषि समितिको मिति २०७७।०८।१८ गतेको निर्णय अनुमोदन सम्बन्धमा ।
८. लघु उद्यम सहजकर्ता र सहयोगीको नियुक्ति सम्बन्धमा ।
९. साझी कार्यक्रम संचालनको वडा परिवर्तन सम्बन्धमा ।
१०. वडा नं. ८ को वडा अध्यक्ष सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

<u>नि.नं.१</u> प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ८ का वडा अध्यक्ष स्व. श्याम कुमार मगरको मिति २०७७।०८।२१ गते उपचारको क्रममा असामयिक निधन भएको हुँदा वहाँको आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो । स्व. श्याम कुमार मगर ज्यूको शोकमा - यस न.पा.को निर्णय अनुसार मिति २०७७।०८।२३ गते १ दिन - ~~सार्वजनिक बिदा~~ शोक बिदा दिइएको हुँदा उक्त शोक बिदा - अनुमोदन सहित शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

नि.नं.२. प्रस्ताव नं.२ माथि छलफल गर्दा भूमिहनि दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत ज्यूबाट तपसिलका विषयबस्तुमा प्रस्तुतीकरण, अन्तक्रिया र छलफल गरियो :-

तपसिल :

१. भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी व्यवस्थापन सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ।
२. भूमिहनि दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७
३. भूमिहनि दलित, भूमिहीन सुकुम्वासी लगत संकलन सम्बन्धि कार्यविधि, २०७७

उक्त कार्यका लागि सबै वडा र सरोकारवाला संस्थाहरु समेतसँग समन्वय गरी प्रभावकारी रुपमा कार्यक्रम अगाडि बढाउने निर्णय गरियो ।

Scanned with CamScanner

नि.नं. २. प्रस्ताव नं. २. माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्रका खोला तथा नदिहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्रि वितरण गर्नका लागि नेपाल सरकारले तोकेको मापदण्ड, नेपाल सरकारको वातावरण संरक्षण ऐन तथा नियमावली, यस न.पा.को वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराई प्रचलित कानून बमोजिम ठेक्का प्रक्रियाबाट ढुंगा, गिट्टिको संकलन गर्नका लागि सम्बन्धित ठेकेदारले कबोल गरेको राजश्व समेत यस न.पा.को विभाज्य कोष खातामा जम्मा गरिसकेको अवस्थामा जिल्ला प्रशासन कार्यालय गाईघाट, उदयपुरको च.नं. १२८६, मिति २०७७।०८।०३ को पत्र र सोसाथ संलग्न गृह मन्त्रालयको च.नं. १४७५, मिति २०७७।०७।२८ को पत्रसँग संलग्न बुँदा नं. १ मा अर्को व्यवस्था नभए सम्म नदीजन्य पदार्थ ढुंगा, गिट्टि, बालुवा उत्खनन् तथा संकलन गर्न रोक लगाईएको अवस्थामा यस न.पा.क्षेत्रभित्र सार्वजनिक एवं निजी निर्माणमा नदीजन्य निर्माण सामाग्रीहरुको अभाव भईरहेको र सो विषयमा यस न.पा.बाट संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय गाईघाट, उदयपुरमा समेत आवश्यक सहयोगका लागि पत्राचार गरिएकोमा गृह मन्त्रालयको च.नं. १७०५, मिति २०७७।०८।२३ को सबै जिल्ला प्रशासन कार्यालयहरुलाई समेत प्रेषित पत्रसाथ संलग्न बैठकको नि.नं. ७ मा नदीजन्य पदार्थको उत्खनन्, संकलन, विक्रि वितरण व्यवस्थापनको जिल्ला अनुगमन समितिबाट अनुगमन गराई मापदण्ड विपरीत भएको पाईएमा कारवाही गर्ने गराउने भनी उल्लेख भएकोले यस न.पा.मा नदीजन्य निर्माण सामग्रीको सहज आपूर्तिका लागि यस अघि नेपाल सरकारबाट तोकिएको मापदण्ड, २०७७ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सो मापदण्ड संशोधन वा परिमार्जन गरेमा सोही बमोजिम हुने) र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) बमोजिम हुने गरी ढुंगा, गिट्टिको उत्खनन्। संकलन र बिक्रि वितरणका लागि ठेक्का सम्झौता गर्न र सो कार्यको नगरपालिकाबाट निरन्तर अनुगमन सुपरीवेक्षण गर्नका लागि तपसिल बमोजिमको नगरस्तरीय अनुगमन समिति गठन गरी ढुंगा, गिट्टि, बालुवाको व्यवस्थित रुपमा उत्खनन् तथा संकलन गर्न व्यवस्था मिलाउने निर्णय गरियो ।

तपसिल :

नगर प्रमुख - संयोजक

उप प्रमुख - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सम्बन्धित वडा अध्यक्षहरु - सदस्य

इन्जिनियर - सदस्य

सम्बन्धित सामुदायिक वनका प्रतिनिधिहरु - सदस्य

राजश्व शाखा - सदस्य सचिव

Scanned with CamScanner

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा केडी स्याक्ड प्रोसेसिङ्ग उद्योग चौं.न.पा. ५ ले गत आ.व.मा बुझाएको मदिराजन्य पदार्थको राजस्वमा भ्याट रकम समेत बुझाएकोमा उक्त भ्याट बापतको रकम नेपालको विभाज्य कोष खातामा जम्मा भएकोले उक्त भ्याट बापतको रकम रु. ३,२६,०५४।- मात्र आ.व. ०७६।०७७ को पहिला वहतरको भ्याट फिर्ता (भुक्तानी) को लागि यस न.पा. को विपद व्यवस्थापन, समेत औषधी तथा महामारी नियन्त्रण शीर्षक बाट म.अ.कर फिर्ता नयाँ शिर्षक कायम गरी उक्त शीर्षकबाट फिर्ता गर्ने निर्णय गरियो।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा जारी "लैंगिक हिंसा निवारण कोष (संचालन) (दोस्रो संशोधन) नियमावली, २०७६" बुँदा नं. ३ ख. बमोजिम स्थानीय लैंगिक हिंसा निवारण कोष स्थापना तथा संचालन गर्ने निर्णय गरियो।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा हाल नेपाल सरकारद्वारा स्वास्थ्य विमा कार्यक्रम उदयपुर जिल्लामा समेत लागु भएको र यस न.पा. मा समेत मिति २०७७ साल फाल्गुण महिनाबाट स्वास्थ्य विमा कार्यक्रम संचालन गर्ने गरी सम्झौता समेत भई सकेको हुँदा उक्त स्वास्थ्य विमा कार्यक्रम अन्तर्गतको उपचार सेवा संचालन लगायतका थप स्वास्थ्य सेवा संचालनको लागि यस न.पा. को वडा नं. ७ बेल्टारमा संचालित प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारलाई १५ बेडको नगर अस्पताल नामपो मानेर संचालन गर्ने निर्णय गरियो।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा.को ~~[illegible]~~ कृषि समितिको मिति २०७७।०८।१८ र मिति २०७७।०८।२४ गतेको बैठकको निर्णय हद अनुमोदन गर्ने निर्णय गरियो।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व. २०७७।०७८ को लागि गरिबी ~~[illegible]~~ निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम उद्यम विकास सहजकर्ता (पाँचौं तह) -१ (एक) र उद्यम विकास सहयोगी (चौथो तह) -१ (एक) जना छनौटको सम्पूर्ण प्रक्रिया पूरा गरी अन्तिम नतिजा प्रकाशन गरेको हुँदा उक्त छनौट समितिको

अन्तिम नतिजा अनुसार तपसिल अनुसारको नतिजा अनुमोदन गर्ने साथै मिति २०७७।०९।०१ गते देखी ~~लागु~~ लागू हुने गरी नियमानुसार करार सम्झौता गर्ने निर्णय गरियो ।

तपसिल

तपशिल:

१) विज्ञापन नं : ०४/ ०७७/७८ पद : उद्यम विकास सहजकर्ता (पाँचौ तह)

| क्र.सं. | नाम थर | ठेगाना | बुवाको नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | विजय लेखी | चौ.न.पा. १० | जनकलाल लेखी | सिफारिस भएको । |
| २ | अन्नपूर्ण कुमारी रसाईली | त्रियुगा -४ | उपेन्द्र प्रसाद साही | वैकल्पिक १ |
| ३ | शिवभक्त मल्ल | ताप्ली -५ | सुर्य बहादुर मल्ल | वैकल्पिक २ |

२) विज्ञापन नं : ०५/ ०७७/७८ पद : उद्यम विकास सहयोगी (चौथो तह)

| क्र.सं. | नाम थर | ठेगाना | बुवाको नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | मञ्जु ढकाल | उदयपुरगढी -४ | मोहन प्रसाद ढकाल | सिफारिस भएको । |
| २ | ममता वि.क. | चौ.न.पा २ | मिन बहादुर वि.क. | वैकल्पिक १ |
| ३ | मिनु चौधरी | कञ्चनरुप ११ | हृदय नारायण चौधरी | वैकल्पिक २ |

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा. मार्फत संचालित सामी कार्यक्रम संचालनको लागि छनौट गरिएका वडाहरु मध्ये वडा नं. ९ ले हाललाई उक्त कार्यक्रम संचालन नगर्ने भएकोले सो वडाको सट्टा वडा नं. ३ लाई छनौट गर्ने निर्णय गरियो ।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ को वडा अध्यक्षको निधन भई वडा अध्यक्षको पद रिक्त भएको र स्थानीय सरकार संचालन ऐनको दफा ११६ - बमोजिम वडा सदस्यहरुले आफु मध्येबाट सदस्य श्री गड्ड बहादुर विश्वकर्मालाई कार्यवाहक अध्यक्ष सिफारिस गरेको हुँदा वहाँलाई कार्यवाहक वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्यको रुपमा स्वागत गर्ने साथै सफल कार्यकाल को शुभकामना व्यक्त गर्ने निर्णय गरियो । साथै अर्को - व्यवस्था नभए सम्मको लागि मिति २०७७ साल पौष १ गते बाट वडा अध्यक्षको सेवा सुविधा उपलब्ध गराउने र वडा अध्यक्ष पद रिक्त रहेको जानकारी जिल्ला समन्वय समिति उदयपुरमा गराउने निर्णय गरियो ।